का.जि.प्र.का.द.नं. १००/०५९/६०
५ वैशाख २०८१,
बुधबार
17 April 2024,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक ६४ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# संसदमा तोडफोड
# केन्द्रको प्रवृति प्रदेशमा देखियो

नेपालको संसदीय इतिहासमा केन्द्रीय संसदमा तोडफोडका घटना नयाँ होइनन् । मुलुक प्रादेशिक संरचनामा गएपछि प्रदेश सभामा समेत तोडफोड र धकेलाधकेलका घटना देखिन थालेका छन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ४ वैशाख ।

मधेश प्रदेश सभामा तोडफोड भएको छ । जनमत पार्टीका सांसद र मर्यादापालकबीच धकेलाधकेल भएको छ । त्यसक्रममा तोडफोड समेत भएको हो । सभामुख रामचन्द्र मण्डलले बोल्ने माइक नै भाँचिएको छ । तोडफोडपछि सभामा हातपात हुने स्थिति सिर्जना भएपछि सभामुख मण्डलले प्रदेश सभा बैठक स्थगित गर्नुपरेको थियो ।

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले विश्वासको मत लिनका लागि सभाको बैठक दिउँसो २ बजे राखिएको थियो । उक्त बैठकमा जनमतले अवरोध गरेपछि १० मिनेटका लागि स्थगित गरिएको थियो । १० मिनेटका लागि स्थगित भएको बैठक झण्डै पाँच घण्टा ढिलो सुरु भएको थियो । दोस्रो बैठकमा पनि जनमतले अवरोध गर्‍यो । सभामुख अवरोधका बीच अगाडि बढ्न खोजेपछि धकेलाधकेल र तोडफोड भएको हो ।

नाराबाजी गर्दै सभामुख बसेको स्थान र पोडियममा जनमतका सांसदहरू चढ्ने प्रयासमा थिए । त्यसक्रममा मर्यादापालकसँग धकेलाधकेल भएको हो । त्यसक्रममा सभामुखले बोल्ने माइक भाँचिएको हो ।

जनमत पार्टीका सांसदहरुले सप्तरीको राजविराजमा कृषि विश्वविद्यालय शिलान्यासको क्रममा प्रदेशका तत्कालीन शिक्षा तथा संस्कृति मन्त्री महेशप्रसाद यादव लगायतका सांसदहरूमाथि भएको आक्रमणको घटना छानबिनका लागि विशेष संसदीय छानबिन समिति गठन गर्न माग गरेको थियो । आफूहरूको माग सम्बोधन नभएको भन्दै सभामा जनमत पार्टीका सांसदले रोष्ट्रम अगाडि उभिएर सरकारविरूद्ध नाराबाजी गरे ।

दोस्रो पटक पनि स्थगित भएर तेस्रो बैठक बस्यो । तेस्रो बैठकमा सभामुखले नै जनमत पार्टीका सांसदहरुलाई बाहिर निकाल्न मर्यादापालकहरुलाई निर्देश गरे । त्यसपछि प्रतिपक्षी दलहरु कांग्रेस र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का सांसदहरुले पनि बैठक बहिष्कार गरे । विपक्षीहरुको बहिष्कारकाबीच मख्यमन्त्रीले विश्वासको मत लिए ।

नेपालको संसदीय इतिहासमा केन्द्रीय संसदमा पृष्ठ २ मा




२०७७ असोज १९ गते लुम्बिनी प्रदेश सभामा भएको तोडफोड (बायाँ) । मंगलबार मधेश प्रदेश सभामा सभामुखको आसनमै सांसदहरु पुगेको दृश्य (दायाँ) ।

## मुख्यमन्त्री यादवले पाए विश्वासको मत

प्रतिपक्षमा रहेका दलहरुको बहिष्कारकाबीच मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले विश्वासको मत पाएका छन् ।

नेपाली कांग्रेस, जनमत पार्टी र लोसपाका सांसदहरुले बहिस्कार गरेको प्रदेशसभा बैठकमा मुख्यमन्त्री यादवले विश्वासको मत पाएका हुन् । १०७ प्रदेशसभा सदस्यमध्ये ६१ जनाले विश्वासको मत दिए ।



यो सँगै मुख्यमन्त्री यादवले चौथोपटक सदनबाट विश्वासको मत पाएका हुन् ।

यसअघि ६ फागुन २०८० मा विश्वासको मत लिँदा यादवको पक्षमा ६९ र विपक्षमा ३५ मत परेको हो ।

मधेश प्रदेश सभामा एमालेका सबैभन्दा धेरै २४ जना प्रदेशसभा सदस्य छन् । पृष्ठ २ मा

श्रमिकको अधिकार
सुनिश्चित गरौं

- श्रम र श्रमिकको सम्मान गरौं ।
- श्रमको उचित मुल्य प्रदान गरौं, श्रम शोषणको अन्त्य गरौं ।
- कामदारको सुरक्षा र स्वास्थ्यमा लगानी गरौं ।
- श्रमिकको सामाजिक सुरक्षा सुनिश्चित गरौं ।
- मर्यादित श्रमको प्रवर्द्धन गरौं ।
- उद्योग प्रतिष्ठानमा सुरक्षित कार्यवातावरण सुनिश्चित गरौं ।
- श्रमिक र रोजगारदाताबीच सौहार्दपूर्ण सम्बन्ध कायम गरौं ।
- श्रमिकको योगदानको कदर गरौं ।

"श्रमको सम्मान, राष्ट्रको अभियान"
अन्तर्राष्ट्रिय श्रमिक दिवस भव्य रुपमा मनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# यातायात व्यवसाय फेरि सिण्डिकेटतर्फ !

**मनीषा अवस्थी/मध्यान्ह**
काठमाडौं, ४ वैशाख ।

तत्कालीन केपी शर्मा ओली सरकारले २०७५ साल बैशाख पहिलो साता यातायात समिति खारेजीको निर्णय गर्‍यो । जुन निर्णयले यातायात व्यवसायी र सरकाबीच लामो विवाद चल्यो । लामो समयदेखि सिण्डिकेट लाद्दै आएको यातायात व्यवसायीहरूले सबै यातायात समिति कम्पनीमा लैजानुपर्ने भएपछि विवाद चर्कियो । व्यवसायी आन्दोलित नै भए । सरकार आफ्नो अडानबाट पछि नहटेपछि यातायात समितिहरू अन्ततः कम्पनीमा जाने भए ।

सर्वोच्च अदालतले फेरि यातायात समितिहरू ब्युताउने फैसला गरेको छ । यातायात व्यवसायमा 'सिन्डिकेट' (व्यवसायिक गुटबन्दी) गरेको भन्दै खारेज गरिएको समितिलाई सर्वोच्चले ब्यूँत्याएपछि व्यवसायीहरू फेरी सल्बलाउन थालेका छन् ।

अदालतको आदेशले यातायात व्यवसायीहरू खुशी भएका छन् भने अन्य सरोकारवालाले असन्तुष्टि छन् । व्यवसायी सरोज सिटौलाले सरकारले उतिबेला राम्रो नगरेको बताउदै भन्छन्, 'व्यवसायीहरूले उतिबेलै यो गलत भयो भनेकै थिए नि । बल्ल सर्वोच्चको निर्णय हाम्रो पक्षमा भयो ।'

नेपाल ट्रक यातायात व्यवसायी महासंघका महासचिव राजेन्द्र विक्रम बानियाँले पनि तत्कालीन सरकारले गल्ती गरेको बताउँदै भने, 'अहिले अदालतले नै हाम्रो पक्षमा निर्णय गरेको छ । त्यति बेलाको सरकारले गल्ती नै गरेको रहेछ भन्ने उहाँहरुलाई पनि भयो होला । अब समितिहरू नवीकरण गर्ने बाटो खुलेको र सर्वोच्चको निर्णय स्वागतयोग्य छ ।' अब यातायात समितिहरुको चल अचल सम्पत्ति गरेर अर्बौं रूपैयाँ समितिहरूमा नै आउने बानियाँले बताए ।

सिन्डिकेटवाला समितिहरुलाई खारेजी र संस्था दर्ता ऐन २०३४ बमोजिम स्थापित यातायात क्षेत्रसँग सम्बन्धित संघ, संस्था र समितिहरुलाई खारेजी गर्ने र त्यस संस्थामा रहेका सबै चल अचल सम्पत्ति पनि नेपाल सरकारको मातहत ल्याउने निर्णय भएको थियो ।

सिण्डिकेटका नाममा यातायात व्यवसायीको मनोमानी नेपालमा वर्षौंदेखि चल्दै आएको छ । यातायात समितिमा रहेर समितिको सिफरिसपछि मात्रै यातायात व्यवस्था विभागमा दर्ता हुने प्रक्रिया चल्दै आएको थियो । यतिमात्रै होइन, पृष्ठ २ मा

# टर्‍यो सत्ता गठबन्धनको संकट
## सुदूरपश्चिम सरकारको नेतृत्व एकीकृत समाजवादीले पाउने

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ४ वैशाख ।

नेकपा एमाले र नेकपा माओवादी केन्द्र सम्मिलित केन्द्रीय सत्ता गठबन्धनमा नेकपा एकीकृत समाजवादीको भूमिका अर्थपूर्ण छ । केन्द्रीय सरकारका साथै मधेश प्रदेश, बागमती प्रदेश र लुम्बिनी प्रदेशमा समेत समस्या हुने देखेपछि एमाले र माओवादी सुदूरपश्चिम प्रदेश सरकारको नेतृत्व एकीकृत समाजवादीलाई दिन तयार भएका छन् ।

आफूले नपाए एमाले र माओवादी सम्मिलित गठबन्धनको उम्मेदवारलाई सहयोग नगर्ने नीति अन्तर्गत यसअघि एकीकृत समाजवादीले प्रदेश सरकारको नेतृत्वमा कांग्रेस नेतृत्वको गठबन्धनको उम्मेदवारलाई सहयोग गरेको थियो । प्रदेश प्रमुख नजिर मियाँले २३ चैतमा १० दिनको समय दिएर संविधानको धारा १६८ को (२) बमोजिम सरकार गठनका लागि आह्वान गरेका थिए ।

> केन्द्रीय सरकारका साथै मधेश प्रदेश, बागमती प्रदेश र लुम्बिनी प्रदेशमा समेत समस्या हुने देखेपछि एमाले र माओवादी सुदूरपश्चिम प्रदेश सरकारको नेतृत्व एकीकृत समाजवादीलाई दिन तयार भएका हुन् ।

२ वैशाखमा नागरिक उन्मुक्तिका लक्ष्मणकिशोर चौधरी र कैलाश चौधरीले मुख्यमन्त्रीमा दाबी गरेका थिए । तर प्रदेश प्रमुखले नाउपाका दुई जना प्रदेश सभा सदस्यको दाबीका कारण निष्कर्षमा पुग्न नसकेको भन्दै मंगलबार फेरि दुई दिनको समय दिएर संविधानको धारा १६८ (२) अनुसार कै दाबी पेश गर्न आह्वान गरेका छन् ।

यसअघि नाउपाका संरक्षक रेशम चौधरी पक्षका लक्ष्मणकिशोरले नेपाली कांग्रेस र एकीकृत समाजवादीको समर्थनमा दाबी पेश गरेका थिए भने अध्यक्ष रञ्जिता श्रेष्ठ पक्षका कैलाशले एमाले र माओवादीको समर्थनमा मुख्यमन्त्रीमा दाबी पेश गरेका थिए । तर एकीकृत समाजवादी संसदीय पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# कतारसँग परिमार्जनसहित श्रम सम्झौता नवीकरण प्रस्ताव

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ वैशाख

नेपालले कतारसँग परिमार्जनसहित श्रम सम्झौता नवीकरण प्रस्ताव राखेको छ । नेपाल र कतारबीच १९ वर्षअघि सन् २००५ मा श्रम सम्झौता भएको थियो । कतारका अमिर शेख तमिम बिन हमाद अल-थानीको आसन्न ऐतिहासिक नेपाल भ्रमणका अवसरमा अन्य द्विपक्षीय सम्झौतासहित श्रम सम्झौता नवीकरण गर्न नेपालले कतारसँग प्रस्ताव गरेको हो । परराष्ट्र मन्त्रालयले आधिकारिक रूपमा सार्वजनिक नगरेपनि आगामी वैशाख ११-१२ मा कतारी अमिर अल-थानीको नेपाल भ्रमणको तयारी गरिरहेको छ । कतारी अमिरको पहिलो नेपाल भ्रमण भएकोले दुवै देशले उक्त भ्रमणलाई उच्च महत्व दिएका छन् । यसअघि



गत कात्तिक २० देखि २१ गते तय भएको कतारका अमिर शेख बिन हमाद अल थानीको नेपाल भ्रमण इजरायल र प्यालेस्टाइन विद्रोही समूह हमासबीच युद्ध चर्किएपछि बढेको तनावका कारण भ्रमण स्थगित भएको थियो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोल प्रसाद अर्याल र नेपालका लागि कतारका राजदूत मिशाल विन मोहम्मद एल एइ अन्सारीबीच मंगलबार मन्त्रालयमा भएको शिष्टाचार भेटमा कतारी अमिरको भ्रमण र श्रम सम्झौता नवीकरण लगायतका विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ । श्रममन्त्री अर्यालले कतारसँग श्रम सम्झौता भएको १९ वर्षको अवधिमा अन्तर्राष्ट्रिय श्रम आप्रवासन र कामदारका अधिकारमा ठूलो परिवर्तन आएकोले बदलिएको परिवेश अनुसार दुवै देशबीचमा सम्झौता नवीकरण गर्न आवश्यक रहेको कतारका राजदूतसमक्ष प्रस्ताव गरेको पनि मन्त्रालयले जनाएको छ । यसअघिका छलफलमा कतारले घरेलु कामदारका विषयमा पनि सम्झौता गर्न चाहेको नेपाली अधिकारीहरूको भनाइ थियो । तर यसपटक त्यससम्बन्धि तयारी नभएको बताइएको छ ।

भेटमा श्रममन्त्री अर्यालले सीपयुक्त नेपाली श्रमिक रोजगारीमा पठाउन र नेपाली श्रमिकलाई सीपयुक्त बनाउन चाहिरहेकाले नेपाली श्रमिकको सीप विकासमा सहयोग गर्न कतारसँग आग्रह समेत गरेका छन् । कतारमा हाल करिब पौने चार लाख नेपाली कामदार रहेका छन् । श्रममन्त्री अर्यालले कतारमा कार्यरत नेपाली श्रमिकलाई अन्य श्रमिक सरह नै व्यवहार हुनेमा नेपाल विश्वस्त रहेको पनि पृष्ठ २ मा

# एक दर्जन बढी अध्यादेश ल्याइँदै

यही वैशाख १६ र १७ मा हुने लगानी सम्मेलनाई देखाएर सरकारले अध्यादेशबाट एक दर्जन बढी कानून संशोधन गर्न लागेको छ । उद्योग र व्यवसायमा लगानीको वातावरण सुधार गर्नलाई बाधक बनेका कानूनी व्यवस्था फेर्न लागिएको सरकारको दाबी छ ।

**शिव विक/मध्यान्ह**
काठमाडौं, ४ वैशाख ।

सरकारले अध्यादेशबाट एक दर्जन बढी कानून संशोधन गर्न लागेको छ । यही वैशाख १६ र १७ मा हुने लगानी सम्मेलनाई देखाएर सरकारले अध्यादेशबाट एक दर्जन बढी कानून संशोधन गर्न लागेको छ । उद्योग र व्यवसायमा लगानीको वातावरण सुधार गर्नलाई बाधक बनेका कानूनी व्यवस्था फेर्न लागिएको सरकारको दाबी छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डका अनुसार केही दिनमै यसबारे औपचारिक निर्णय हुनेछ । मंगलबार नेपाल उद्योग परिसंघको २१औं वार्षिक साधारणसभालाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले अध्यादेशबाट एक दर्जन बढी कानून संशोधन गर्न लागिएको जानकारी दिएका हुन् ।

सरकारले यही वैशाख २ गतेदेखि संघीय संसदको हिउँदे अधिवेशन अन्त्य



> उद्योग र व्यवसायमा लगानीको वातावरण सुधार गर्नलाई बाधक बनेका कानूनी व्यवस्था फेर्न अध्यादेश ल्याउनुपर्ने अवस्था छ ।
>
> **प्रचण्ड**
> प्रधानमन्त्री

गरेको थियो । बजेट अधिवेशन यही वैशाखको अन्तिम साता बोलाउने तयारी छ । त्यस अगाडि नै अध्यादेश ल्याउने सरकारको तयारी छ ।

बजेट अधिवेशनमा समेत कानून निर्माणको काम गरिने प्रधानमन्त्रीले बताएका छन् । सरकारले संघीयता कार्यान्वयनका लागि ११७ वटा कानून बनाउने भनी विषय पहिचान गरेको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डका अनुसार पहिचान भएका विषयको विधेयकको मस्यौदा कानून न्याय तथा संसदीय मामिला मन्त्रालयले अध्ययन गरिसकेको छ । अध्ययन पश्चात सम्बन्धित मन्त्रालयहरूलाई सम्बन्धित विषयको कानूनको मस्यौदालाई अन्तिम रूप दिएर प्रक्रियामा अगाडि बढाउन भनिएको छ ।

पहिचान गरिएका ११७ वटा विधेयकको मस्यौदामध्ये २१ वटा विधेयक पेश हुने क्रममा रहेको छ । प्रधानमन्त्रीका अनुसार यी २१ वटा विधेयक प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको विधेयक समितिमा विचाराधीन छन् । थप ७ वटा विधेयक कानून न्याय तथा संसदीय मामिला मन्त्रालयमा कानूनी पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
५ वैशाख २०८१, बुधबार
17 April 2024, Wedensday

# अख्तियारमा धेरै उजुरी पर्ने गंगादेव, कुनै पनि उजुरी नपर्ने सुनछहरी

**सुर्य प्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, ४ वैशाख

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा रोल्पा जिल्लाबाट धेरै उजुरी पर्नेमा गंगादेव गाउँपालिका रहेको छ भने अहिलेसम्म कुनै पनि उजुरी नपर्नेमा सुनछहरी गाउँपालिका रहेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यालय, बुटवल सम्पर्क कार्यालय नेपालगञ्जको आयोजनामा आइतबार रोल्पा उद्योग वाणिज्य संघको सभाहल लिबाङ्मा सम्पन्न भएको कार्यक्रममा सोबारे जानकारी दिइएको हो ।

'सदाचार, निष्पक्षता, निर्भिकता र भ्रष्टाचारविरुद्धको सहकार्य, सुशासनका लागि अपरिहार्य' भन्ने मूल नाराका साथ भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनसम्बन्धी जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सहसचिव रमेश कुमार केसीले आयोगमा गत आर्थिक वर्ष २०७९/०८० र चालु आर्थिक वर्ष २०८०/०८१ को चैत २७ गतेसम्म रोल्पा जिल्लाका विभिन्न स्थानीय तहहरुको उजुरीको विवरण प्रस्तुत गरेका थिए।

गंगादेव गाउँपालिकाको गत आर्थिक वर्षमा ६ र चालु आर्थिक वर्षमा १० गरी जम्मा १६ वटा उजुरी रहेको छ । त्यस्तै सुनिलस्मृति गाउँपालिकाको गत आर्थिक वर्षमा २ र चालु आर्थिक वर्षमा १२ गरी जम्मा १४ उजुरी रहेको छ । त्रिवेणी गाउँपालिकाको गत आवमा १ र चालु आवमा ८ गरी जम्मा ९ वटा रहेको छ। माडी गाउँपालिको गत आवमा ४ र चालु आवमा ४ गरी जम्मा ८ वटा रहेको छ। रोल्पा नगरपालिकाको गत आवमा ३ र चालु आवमा




५ गरी जम्मा ८ वटा उजुरी रहेको छ ।

यस्तै रुन्टीगढी गाउँपालिकाको गत आर्थिक वर्षमा १ र चालु आर्थिक वर्षमा ६ गरी जम्मा ७ वटा उजुरी परेको छ। थवाङ गाउँपालिकाको गत आर्थिक वर्षमा कुनै पनि उजुरी परेको छैन भने या चालु आर्थिक वर्षमा ६ वटा परेको छ। लुङ्ग्री गाउँपालिकाको गत आर्थिक वर्षमा १ र चालु आर्थिक वर्षमा ४ गरी जम्मा ५ वटा उजुरी रहेको छ । परिवर्तन गाउँपालिकाको गत आर्थिक वर्षमा २ र यो आर्थिक वर्षमा हालसम्म कुनै पनि उजुरी नपरेको बताइएको छ। सुनछहरी गाउँपालिकाको भने गत आर्थिक वर्षमा र यो आर्थिक वर्षको हालसम्म कुनै पनि उजुरी नपरेको आयोगका सहसचिव केसीले जानकारी दिए ।

गत आर्थिक वर्ष २०७९/०८० र चालु आर्थिक वर्ष २०८०/०८१ को चैत २७ गतेसम्म गंगादेव गाउँपालिकाको गत आर्थिक वर्षमा २ र चालु आर्थिक वर्षमा ५ गरी जम्मा ७ उजुरी फछ्र्यौट भएको छ । सुनिलस्मृति गाउँपालिकाको गत आर्थिक वर्षमा १ र चालु आर्थिक वर्षमा ६ गरी जम्मा ७ उजुरी फछ्र्यौट भएको छ। त्रिवेणी गाउँपालिकाको गत आर्थिक वर्षमा कुनै पनि उजुरी फछ्र्यौट भएको छैन भने यो आर्थिक वर्षमा ४ वटा उजुरी फछ्र्यौट भएको छ। माडी गाउँपालिकाको गत आर्थिक वर्षमा कुनै पनि उजुरी फछ्र्यौट भएको छैन भने यो वर्षमा २ वटा उजुरी फछ्र्यौट भएको छ । रोल्पा नगरपालिकाको गत आर्थिक वर्षमा २ र यो आर्थिक वर्षमा ३ गरी जम्मा ५ वटा उजुरी फछ्र्यौट भएको छ। रुन्टीगढी गाउँपालिकाको गत आर्थिक वर्षमा कुनै पनि उजुरी फछ्र्यौट भएको छैन भने यो आर्थिक वर्षमा ३ वटा उजुरी फछ्र्यौट भएको छ । थबाङ गाउँपालिकाको गत आर्थिक वर्षमा कुनै पनि उजुरी फछ्र्यौट भएको छैन भने यो आर्थिक वर्षमा ३ वटा उजुरी फछ्र्यौट भएको छ। लुङ्ग्री गाउँपालिकाको गत आर्थिक वर्षमा कुनै पनि उजुरी फछ्र्यौट भएको छैन भने यो आर्थिक वर्षमा १ वटा उजुरी फछ्र्यौट भएको छ। परिवर्तन गाउँपालिकाको गत आर्थिक वर्ष तथा यो आर्थिक वर्षमा कुनै पनि उजुरी फछ्र्यौट भएको छैन ।

के भन्छन् गाउँपालिका अध्यक्ष ?

सुनछहरी गाउँपालिकाका अध्यक्ष धनबहादुर पुन मगरले कुनै पनि राज्यको लक्ष्य भनेको कानून, विधि, नियम, प्रक्रिया पूरा होस र अनियमितता नहोस् भन्ने रहेकाले नियम, प्रक्रिया र कानूनलाई टेकेर अगाडि बढेको कारण गाउँपालिकाको उजुरी नपरेको बताए । कानूनविपरीत काम गर्ने, मनपरी काम गर्ने, आफ्नो कार्यकर्ता भर्ने र आफन्त भर्ने हो भने अख्तियारमा उजुरी पर्ने उनले बताए ।

उनले कतिपय ठाउँमा मान्छेहरुले त्यसै दुःख दिने नियतले पनि व्यक्तिगत रिसिबीका कारण पनि बदनाम गर्नलाई मुद्दा हाल्ने गरेको पाइएको बताए। उनले भने, 'त्यो हाम्रो सुनछहरी गाउँपालिकाका जनता, त्यहाँका सरोकारवाला, राजनीतिक दलका प्रतिनिधिलगायतमा छैन, त्यसैले म सबैलाई धन्यवाद दिन चाहन्छु । उहाँहरुले दुःख दिने नियतले कुनै पनि गतिविधि गर्नुभएको देखिएन र भोलि के हुन्छ, त्यो त थाहा छैन ? अहिलेसम्म निवर्तमान जनप्रतिनिधि, कर्मचारीदेखि लिएर वर्तमान जनप्रतिनिधि मेरा सहयोद्धा हुन् ।'

कर्मचारीहरुले नियम र प्रक्रियामा रहेर कानून नमिच्ने हिसाबले काम गरेकै कारण अहिलेसम्म उजुरी नपरेको उनले बताए। उनले भने, 'हामीले के गरेका छौं भन्दा सामान्य एउटा करारको कर्मचारी भर्ना गर्दा पनि सोर्स फोर्स लगाउने कुरा, आफ्नो मान्छे बोकेर ल्याउने कुरा, जसरी पनि पास गराइदिनुपर्छ भन्ने कुरा, फलानो मेरो मान्छे हो, मेरो सालो हो, मेरो भान्जा हो, मेरो भतिजो हो भनेर आउने कुरा यो निकै जटिल ढंगले आउने गरेको थियो। कुनैपनि यस्ता कार्यमा योग्य र दक्षताको आधारमा नियम, प्रक्रियाअन्तर्गत रहेर प्रतिस्पर्धा गराएर स्वतन्त्र प्रतिस्पर्धाबाट ल्याउने गरेकाले पनि यी सबै कुराले गर्दा अहिलेसम्म यो सफलता हासिल भएको हो। हामी हाम्रो तर्फबाट सकभर कानून विपरीत जाँदैनौं भन्ने प्रतिवद्धता व्यक्त गर्दछु र अख्तियारको मुद्दालाई शून्य बनाउन निरन्तरता दिने कोसिस गरिरहन्छौं ।'

# शितगंगामा गर्भवतीको निःशुल्क भिडियो एक्सरे सेवा प्रभावकारी बन्दै

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ४ वैशाख

शितगंगा नगरपालिका अर्घाखाँची स्वास्थ्य शाखाको आयोजनामा शितगंगा नगरपालिकाका सबै वडामा गर्भवती महिलाहरूका लागि निःशुल्क अल्ट्रासाउन्ड गर्ने कार्यक्रम निकै लोकप्रिय हुँदै गएको छ । शितगंगा नगरपालिका वडा नं. १ सुवर्णखालमा रहेको स्वास्थ्य केन्द्रबाट गर्भवतीहरूको अल्ट्रासाउन्ड गरी उक्त कार्यक्रमको शुभारम्भ गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्माले जानकारी दिए ।

नगरपालिकाभित्र रहेका १४ वटा वडामा रहेका स्वास्थ्य संस्थामा पुग्नेगरी कार्यतालिका बनाएरै अल्ट्रासाउन्ड गर्ने कार्य वैशाख २ गतेबाट शुरुवात गरिएको नगरपालिकाका योजना अधिकृत नुमलाल खनालले मध्यान्हलाई जानकारी दिए ।

नगरपालिकाले प्राथमिक



उपचारमा समेत पछाडि रहेका गाँउहरुमा चिकित्सकसहितका अन्य घुम्ती शिविरसमेत सम्पन्न गरेपछि सिंहदरबारको अधिकार गाउँमा आएको महसुस नगरवासीले गरेको शितगंगा-४ का समाजसेवी दिल बहादुर गुरुङले बताए । गर्भवती महिलाहरू शारीरिकरुपमा समेत कमजोर हुने भएकाले घुम्ती अल्ट्रासाउन्ड सेवा यो वर्षको वार्षिक कार्यक्रमअनुसार पहिलो चरणमा शुरु गरिएको नगर प्रमुख छविलाल पौडेलले बताए। अल्ट्रासाउन्ड गर्नका लागि बुटवलसम्म जाने गर्भवती महिलाहरूलाई नगरपालिकामा समेत सेवा लिन सकिन्छ भन्ने विश्वास दिलाउन समेत यसले सहयोग पुऱ्याएको नगरपालिका उपप्रमुख गीता भाटले बताइन् ।

ग्रामिण क्षेत्रका सम्पूर्ण गर्भवती आमाको अवस्था र बच्चाको अवस्था कस्तो छ भनि अल्ट्रासाउन्डमार्फत जाँच्ने र अवस्थाअनुसार नियमित फलोअप गर्न नियमितरुपमा स्वास्थ्य चौकीमा जचाउन जानुपर्छ भन्ने सन्देश दिने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्माको भनाइ छ । नगरपालिकाले योजना नै बनाएर सबै ग्रामिण क्षेत्रका महिलाको पहुँचका लागि समेत यो सेवा शुरु गरिएको बताउँदै नगरपालिका योजना शाखाका प्रमुख खनालले यसबाट धेरै सेवाग्राहीहरु लाभान्वित भएको र स्थानीयको पैसा समेत बचत भएको बताए ।

# 'सुरक्षित जुम्ला बनाउन प्रतिबद्ध छु'

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, ४ वैशाख

जुम्लाका प्रहरी नायव उपरीक्षक छेदी लाल कामतीले जिल्लामा शान्ति सुरक्षा र अपराध नियन्त्रणका लागि विशेष सुरक्षा रणनीति लागू गरिने बताएका छन् ।

जिल्ला प्रहरी कार्यालय जुम्लाको प्रहरी नायव उपरीक्षकको जिम्मेवारी सम्हाल्न आइपुगेका उपरीक्षक कामतीले जुम्लालाई सुरक्षित बनाउनका लागि आफ्नो कार्यकालमा रणनीति बनाउने बताए । मंगलबार आयोजित भेटघाटमा उनले अपराध नियन्त्रणका लागि कुनै कसर बाँकी नराख्ने बताए । यसको लागि यहाँका नागरिकको साथ पनि चाहिने उनले बताए ।

उनले भने,'प्रहरीले कुनै पनि अपराधसँग सम्झौता गर्दैन । प्रहरीले जिल्लामा शान्ति सुरक्षा कायम राख्न र अपराध घटाउन यहाँका सरोकारवाला निकायसँग सहकार्य गर्छ ।'

त्यस्तै जुम्लाका क्रियाशिल पत्रकारहरुले जिल्लामा अहिले मुख्यगरी लागुऔषध कारोवार, घरेलुहिंसा, बलात्कार, हत्याहिंसा, महिला तथा बालबालिका,बालविवाह, जुवातास,



गण्डागर्दी, अवैध हातहतियार ओसार-पसास र घरेलु मदिरा लगायतका विभिन्न अपराधिक क्रियाकलाप चुनौतीको विषय बनेको बताएका थिए ।

पत्रकारहरुको जिज्ञासा मेटाउँदै प्रहरी नायव उपरीक्षक कामतीले आगामी दिनमा अपराध न्यूनीकरण गर्न प्रहरीले अपराध हुने सम्भावित क्षेत्रका नागरिकसँग सहकार्यको योजना बताउने बताए। उनले अपराध समुदायमा हुने भएकाले नागरिकको सहायता आवश्यक रहेको बताए । उनले आमनागरिकको सहयोग र सहकार्य बिना समाजलाई अपराधरहित गतिविधि न्यूनीकरण गर्न कठिनाइ हुने बताए । उनले प्रहरीले आफ्नो कार्ययोजना बनाएर अपराधविरुद्ध आवश्यक कदम चाल्दै आएको छ । कामतीले भने,'अपराध रोक्न हामी सशक्त बन्नेछौं। अपराधरहित समाज निर्माणमा प्रहरी केन्द्रित भएको छ । पत्रकारको सुझाव अनुसार जुम्ला प्रहरी आगामी दिनमा अझैं सशक्त भएर लाग्छ ।'

# प्रज्ञा-प्रतिष्ठानमा पुस्तक प्रदर्शनी

**काठमाडौं/मस**-नेपाल प्रज्ञा-प्रतिष्ठान भानुभक्त कक्षमा नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईले पुस्तक प्रदर्शनीको उद्घाटन गरेका छन्। नव वर्ष २०८१ सालको उपलक्ष्यमा आयोजना गरिएको पुस्तक प्रदर्शनीमा भाषा, साहित्य, संस्कृति, कला, इतिहास, दर्शन र समाजशास्त्र लगायतका पुस्तक राखिएका छन् । प्रदर्शनीको मूल उद्देश्य पठन संस्कृतिको विकासमा टेवा पुऱ्याउनु रहेको छ ।

'सबै भाषा,सबै ज्ञान,सबैको



प्रज्ञा-प्रतिष्ठान'भन्ने मूल नारालाई आत्मसात् गर्दै अघि बढेको प्रतिष्ठानले महत्वपूर्ण र अनुसन्धानात्मक पुस्तक प्रदर्शनीमा राखेको छ। हिमाल, पहाड, मधेश- तराइका विभिन्न संस्कार र संस्कृति, विभिन्न भाषाका कोशहरू प्रदर्शनी स्थलमा राखिएका छन् । प्रज्ञा नेपाली बृहत् शब्दकोश १ प्रति खरिदमा २० प्रतिशत छुट र दुई प्रतिको खरिदमा २५ प्रतिशत छुट र नयाँ तथा पुराना सबै पुस्तकहरूमा ४० प्रतिशत छुट रहेको छ ।

प्रदर्शनी २०८१ वैशाख ४ देखि १८ गतेसम्म रहनेछ । प्रदर्शनीमा पुनःप्रकाशन भएका अमरकोश, नेपाली साहित्यकोश, कौटिल्यको अर्थशास्त्र, जाँ ज्याक रुसको कन्फेसन्स, ईषाादि नौ उपनिषद्, ग्रीक महाकवि होमरको ओडिसी, हरेराम जोशीको प्राचिन अभिलेख, गुमानसिंह चामलिङ्को एरिस्टोटल र उनका काव्य शास्त्र 'पेरी पोइएतिकेस', काठमाडौं उपत्यकाका नेवारी लोकगीत लगायतका पुस्तकहरू ४० प्रतिशत छुटमा पाइन्छ । प्रतिष्ठानका नयाँ प्रकाशन 'समाज अन्वेषण', 'मिक', 'लाबाङ्गी' पत्रिका, नेवारी भाषाका कथाहरू लगायतका पत्रिका तथा कृतिहरू प्रदर्शनी स्थलमा राखिएको छ । सधैं झैं साझा प्रकाशनका कृतिहरू पनि प्रदर्शनीमा राखिनेछ ।

स्रोत मुलुक भएको बताउँदै सीपयुक्त जनशक्तिको विकासको लागि कतारबाट गर्नुपर्ने सहयोगको लागि स्पष्ट रूपमा प्रस्तावको आग्रह गरेका पनि मन्त्रालयले जनाएको छ ।

## एक...

रायको प्रक्रियामा रहेको छ । ११७ मध्ये मन्त्रिपरिषद् कार्यालय र कानून मन्त्रालयमा रहेका बाहेकका विधेयकका मस्यौदालाई सम्बन्धित मन्त्रालयले अन्तिम रूप दिने काम गरिरहेको छ । प्रधानमन्त्री प्रचण्डका अनुसार विधेयकहरू प्राथमिकताका आधारमा संघीय संसदमा दर्ता हुनेछन् ।

## संसदमा...

तोडफोडका घटना नयाँ होइनन् । मुलुक प्रादेशिक संरचनामा गएपछि केन्द्रको सिको प्रदेश सभा सदस्यहरुहरुले समेत गर्न थालेका हुन् ।

यसअघि २०७७ असोज १९ गते लुम्बिनी प्रदेश सभामा समेत तोडफोड भएको थियो। त्यसबेला कांग्रेसका सांसदहरूले तोडफोड गरेका थिए । उनीहरूले सभाका कुर्सी टेबलमा पछ्यारेर माइक तोडेका थिए । प्रदेशको नाम र स्थायी राजधानीको विषयमा छलफल गर्न बोलाइएको बैठकप्रति असन्तुष्टि जनाउँदै त्यसबेला प्रदेश सभामा तोडफोड भएको थियो ।

केन्द्रीय संसदमा भने पछिल्लो समय तोडफोडका घटना भएका छैनन् । इतिहासमा भने कैयन पटक तोडफोड भएका उदाहरण छन् । संसदीय अभिलेख अनुसार २०५०, २०५५ र २०५७ सालमा केन्द्रीय संसदभित्र भएका तोडफोड भएका थिए । दोस्रो संविधानसभामा २०७१ मा पनि संसदमा तोडफोड भएको थियो ।

संविधान जारी भएपछि देशका सात वटै प्रदेशका प्रदेशसभाले पनि संसदीय अभ्यास गरिरहेका छन् । प्रदेश सभामा सदस्यहरुले संसदीय अभ्यास सिकिरहेको बताइन्छ । यस्तोमा तोडफोडका घटनाहरु पनि देखिएका हुन् ।

## मुख्यमन्त्री...

यसैगरी कांग्रेसका २२, जनता समाजवादी पार्टीका १९, जनमतका १३, माओवादी केद्रका ९, लोसपाका ९ र एकीकृत समाजवादीका ७ सांसद छन् । नागरिक उन्मुक्ति पार्टी, राप्रपाका एक/एक र एक स्वतन्त्र सांसद छन् ।

## यातायात...

देशभर सञ्जाल रहेको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ मातहतका व्यवसायीले आफू अन्तर्गत दर्ता नभएका सवारी साधनलाई सञ्चालन हुन नदिने गर्थे । सिंगो यातायात ब्यवसाय नै समितिहरूको कब्जामा थियो ।

सरकारले यातायात व्यवस्था कार्यविधि निर्देशिका-२०६० संशोधन गर्दै जिल्ला प्रशासन कार्यालयमा दर्ता भई सञ्चालन हुँदै आएका यातायात व्यवसायी समितिको नवीकरण नगर्ने र त्यस्ता समितिलाई कम्पनी रजिष्टारको कार्यालयमा कम्पनी ऐन अन्तर्गत दर्ता हुन तीन महिनाको सीमा अवधि तोकेको थियो ।

तत्कालीन सरकारले यातायात समितिहरू गैरसरकारी संस्था मोडलमा चलेको र करको दायरामा नभएको भन्दै खारेज गरेको थियो । तत्कालीन मन्त्रिपरिषद्को निर्णयको नेपाल राष्ट्रिय यातायात व्यवसायी महासंघ, कोशी बस व्यवसायी संघ र नेपाल ट्रक यातायात व्यवसायी महासंघ अदालत गएका थिए । व्यवसायीले दायर गरेका तीनवटा फरक फरक रिटलाई एकै ठाउँमा राखेर हेरिएको हो । सरकारले समिति खारेज गरेपछि यातायात व्यवस्था विभागमा पञ्जीकरण गर्नु पर्ने व्यवस्था गरेको थियो भने धेरै व्यवसायीहरुले कम्पनीका रूपमा दर्ता गरेर सञ्चालन गरेका थिए ।

## टऱ्यो...

दलका नेता सोडारीले मंगलबार प्रदेश प्रमुखलाई पत्र बुझाएर लक्ष्मणकिशोरलाई समर्थन नरहेको बताए । एकीकृत समाजवादीले एमाले माओवादीसहितको गठबन्धनमा सुदूरपश्चिममा मुख्यमन्त्री पाउने सहमति भएपनि तोडिएको भन्दै यसअघि सोडारीले लक्ष्मणकिशोरलाई समर्थन गरेका थिए ।

एकीकृत समाजवादीले यस्तो निर्णय लिनु अगाडि एमाले अध्यक्ष केपी शर्मा ओली र प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले माधव नेपाल लगायतका नेताहरुसँग संवाद गरेका थिए । मंगलबार गठबन्धनको शीर्ष तहमा समाजवादीलाई मुख्यमन्त्री दिने सहमति भएका बेला प्रदेश प्रमुखले पनि दुवै दाबी अस्वीकृत गर्दै फेरि मुख्यमन्त्रीमा दाबी आह्वान गरेका हुन् ।

लगत्तै, एकीकृत समाजवादीले सुदूरपश्चिम प्रदेश संसदीय दलका नेता दीर्घबहादुर सोडारीलाई मुख्यमन्त्रीको उम्मेदवार बनाउने निर्णय गरेको छ। प्रदेश संसदीय दलको बैठकले सोडारीलाई मुख्यमन्त्रीको उम्मेदवार बनाउने निर्णय गरेको हो ।

यो सँगै केन्द्रीय सत्ता गठबन्धनमा देखा परेको संकट तत्कालका लागि टरेको नेताहरु बताउँछन् । यसका लागि प्रधानमन्त्री प्रचण्ड र एमाले अध्यक्ष ओलीले एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल, सम्मानित नेता झलनाथ खनालसँग छुट्टाछुट्टै रुपमा समेत छलफल गरेका थिए।

## कतारसँग...

बताएका छन् । जवाफमा कतारी राजदूत अन्सारीले नेपाल कतारको आप्रवासी कामदारको दोस्रो ठूलो


### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/११/०१ मा दर्ता भएको **प्रा लि नं २८३८७४/०७८/०७९** को **ग्यागरिभ इन्टेरियर्स प्रा.लि.**को मिति २०८१/०१/०४ मा सम्पन्न विशेष साधारण सभा बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वैच्छिक खारेजी लिक्विडेसनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः रोशन कुमार बजिमय,** **इजाजत प्र.प.नं. ३२१**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं** **मोवाईल नं. ९८४१३६९७७१**



## यूएईमा रोजगारको अवसर

कम्पनी : **SWEETHEART KITCHEN CATERING SERVICES LLC (BRANCH)** शहरः UAE

पूर्व स्वीकृत मितिः २०८१/०१/०४ चलानी नं.: ६०२१८३३९ LT. No.:302572

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Foreign Food Cook | 58 | 29 | स. काममा दक्ष | 1500 | ५४,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **POKE AND CO RESTAURANT LTD DUBAI BRANCH** शहरः UAE

पूर्व स्वीकृत मितिः २०८१/०१/०४ चलानी नं.: ६०२१८३४२ LT. No.:302573

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food Service Supervisor | 9 | 2 | सम्बन्धित काममा दक्ष | 1800 | ६५,३०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Kitchen Helper | 5 | 2 | | 1500 | ५४,४२० | | | | | | | |
| 3. | Restaurant Worker | 16 | 9 | | 1500 | ५४,४२० | | | | | | | |
| 4. | Waiter | 13 | 1 | | 1500 | ५४,४२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ वैशाख १२ र १३ गते (24 & 25 April 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/ कामदारले तिर्ने | रु १०,०००/ कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**ARABIAN CENTERS EMPLOYMENT SERVICES PVT. LTD**
Gairigaun, Sinamangal-09, Kathmandu, Ph.: 01-5914527.
Email : arabianjobsnepal@gmail.com



# Gurans Rural Municipality
## Office of the Rural Municipal Executive
**Ranimatta, Dailekh**
**Karnali Province**

## INVITATION FOR BIDSII

**(First Date of publication: - 2081.01.05 B.S.)**

1. **Gurans Rural Municipality** Office invites electronic bids from eligible bidders for the following projects under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the **Gurans Rural Municipality, Ranimatta, Dailekh** Phone N0: 9858020144 & PPMO website.
3. Bid must be submitted by egp system from ppmo website before ***12:00 PM on 31st day (2081/02/04) of Publication***. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2:00 PM on 31st day *(2081/02/04)*** at the **Gurans Rural Municipality Office**. If the bidder's representative **does not choose** to attend for opening, there will be no objection in opening the tender.
5. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security amounting to a minimum of 2.5% of estimated amount, which shall be valid for **30 days** beyond the validity period of the bid. If the bidder wishes to submit the bid security in the form of cash, the amount should be deposited in **Prabhu Bank Ltd., Ranimatta Branch, Account Name: Gurans Rural Municipality, Dailekh, Dharauti Khata, and Account Number: 1550109299100071 or bank guarantee.** And bid document fee must be deposited in **Prabhu Bank Ltd. Ranimatta Branch, Rajaswa Khata, and Account No. 1550109299100081.**
6. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

| Contract No. | Name Of Work | Bid document fee (Non-refundable) | Estimated Amount (Including VAT) | Bid Security |
|---|---|---|---|---|
| GRM/ WORKS/NCB/ 07/080/081 | Construction of Gurans Hospital Prefabricated Quarter Building, Gurans 05, Dailekh | NRs. 3000/- | NRs. 35,83,525.13 | NRs. 89,600.00 |

**Chief Administrative Officer**

# कर्णाली सरकार विस्तारमा ढिलाइ
# सामाजिक विकास मन्त्रालयमा अड्कियो हलो !

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ४ वैशाख

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेललाई मन्त्रीपरिषद् विस्तार गर्ने निकै कठिन भएको छ । सत्ता साझेदार दलहरूबीच मन्त्रालयको भागबण्डा नमिल्दा मन्त्रिपरिषद् विस्तारमा ढिलाइ भएको हो । गत चैत २७ गते नेकपा एमाले संसदीय दलका नेता यामलाल कँडेल मुख्यमन्त्रीमा नियुक्त भएका थिए ।

उनी माओवादी केन्द्र र एकीकृत समाजवादीको समर्थनमा मुख्यमन्त्रीमा नियुक्त भएका हुन् । कँडेलले बुधबार मुख्यमन्त्रीको शपथ लिइसकेका छन् । उनले प्रदेश प्रमुख तिलक परियारबाट एक्लै शपथ लिएका थिए । उसो त मुख्यमन्त्री कँडेलले मन्त्री परिषद् विस्तार गरेर आफूसँगै



उनीहरुलाई पनि शपथ लिने तयारी गरेका थिए । तर त्यो कुरामा सत्ता साझेदार माओवादी सन्तुष्ट भएन । माओवादीले मन्त्रालय भागबण्डा टुंगो लागेपछि मात्र सरकारमा जाने अडान लियो । तत्काल मन्त्रालय भागबण्डा टुंगो लाग्न सक्ने अवस्था नभएपछि उनी एक्लैले शपथ लिन बाध्य भए । त्यसयता सत्ता साझेदार दलहरुबीच छलफल भएपनि अहिलेसम्म मन्त्रिपरिषद् विस्तार हुन सकेको छैन । छलफल धेरैपटक चलेपनि निष्कर्षमा पुग्न नसकेपछि भागबण्डाका लागि दुवै दलका नेता काठमाडौँमा छन् ।

मुख्यमन्त्री कँडेल आइतबार काठमाडौँ गएका हुन् । त्यसअघि पूर्व मुख्यमन्त्री एवम् माओवादी संसदीय दलका नेता राजकुमार शर्मा काठमाडौँ गएका थिए । प्रदेश सरकारमा भागबण्डा नमिलेका कारण केन्द्रीय नेतृत्वलाई गुहार्नका लागि दुवै नेता काठमाडौँ गएको बताइएको छ । मुख्यमन्त्री कँडेलले आइतबार काठमाडौँ पुगेर एमाले अध्यक्ष केपी शर्मा ओलीलाई भेटिसकेका छन् भने सोमबार बिहान प्रधानमन्त्री एवम् माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सँग भेट गरेका छन् ।

कँडेलले प्रदेश सरकार विस्तार र आगामी बजेटमा कर्णालीलाई समेट्नु पर्ने विषयहरूको बारेमा छलफल गरेका छन् । उनी आज काठमाडौँबाट सुर्खेत आउने बताइएको छ । यता माओवादी केन्द्रका शर्माले पनि प्रधानमन्त्रीलाई भेटेर कर्णालीको पछिल्लो राजनीतिक घटनाक्रम र भागबण्डामा देखिएको जटिलताका विषयमा जानकारी गराएका छन् । दुवै दलले सरकार विस्तार, मन्त्रालय भागबण्डाको जिम्मेवारी आफ्ना संसदीय दलका नेतालाई दिएका छन् । विशेषगरी प्रदेशमा मन्त्रालय भागबण्डाको कुरा नमिलेको र सरकार विस्तारको विषयमा देखिएको समस्याको सन्देश बोकेर दुवै नेता काठमाडौँ हानिएको सांसदहरू बताउँछन् । प्रदेशमा भागवण्डाको टुंगो नलागेपछि दुवै दलका नेताहरु काठमान्डौ गएको सांसदहरुको भनाइ छ ।

# एक हप्तामा २४ लाख बढीको सामान बरामद

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ४ वैशाख

जिल्ला प्रहरी कार्यालय रौतहटले एक हप्ताको अवधिमा २४ लाख भन्दा बढी मूल्य बराबरको भन्सार छलीका सामानहरू बरामद गरेको छ ।

जिल्लाका विभिन्न नाका भइ ल्याउँदै गरेको अवस्थामा भन्सार छली, चोरी, निकासी, पैठारी नियन्त्रण गर्ने क्रममा प्रहरीको



गस्ती टोलीले बरामदमा लिएका खाद्यान्न सामग्री, पशु, किराना लगायतका सामान कारबाहीको लागि जिल्ला भन्सार कार्यालयमा पठाइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

प्रवक्ता प्रहरी नायव उपरीक्षक एलिजा गिरिले प्रेस विज्ञप्ति जारी गर्दै चैत २५ गतेदेखि वैशाख ३ गतेसम्म बरामद गरिएको २४ लाख ४५ हजार ५ सय ५६ रुपैयाँ बराबरको सामान आवश्यक कारबाहीको लागि भन्सार दाखिला गरिएको उल्लेख गरेकी छन् ।

विज्ञप्तिमा दुई लाख २ हजार ६७ रुपैयाँ मूल्य बराबरको लत्ता कपडा, ४ लाख ६८ हजार २८९ रुपैयाँ मूल्य बराबरको किराना सामान तथा खाद्यान्न, ३२ हजार ५ सय मुल्य बराबरको पशुपन्छी,७८ हजार मूल्य बराबरको काठ र १६ लाख ६४ हजार ७ सय स्रोत नखुलेको रकम कारबाहीको लागि भन्सारमा बुझाइएको उल्लेख गरिएको छ ।

# प्रा.डा.ठाकुर र कार्कीलाई युगकवि सिद्धिचरण पुरस्कार

**काठमाडौं/मस-** युगकवि सिद्धिचरण प्रतिष्ठानले युगकवि सिद्धिचरण पुरस्कार २०८१ प्राध्यापक डाक्टर उषा ठाकुरलाई प्रदान गर्ने भएको छ । यसैगरी युगकवि सिद्धिचरण युवा पत्रकारिता पुरस्कार पत्रकार नवराज कार्कीलाई प्रदान गरिने भएको छ ।

प्रतिष्ठानका अध्यक्ष वैरागी काइँलाको अध्यक्षतामा बसेको बैठकले युगकवि सिद्धिचरण श्रेष्ठको ११३औं



जन्मजयन्तीका अवसरमा आउँदो जेठ ९ गते विशेष कार्यक्रम गरी सो पुरस्कार प्रदान गर्ने निर्णय गरेको हो ।

प्रतिष्ठानले विज्ञप्ति जारी गर्दै तीन दशकदेखि युगकविका कृतित्व र व्यक्तित्वका बारेमा अध्ययन तथा अनुसन्धान गरी देशविदेशमा सुयश फैलाउन विशिष्ट योगदान पुर्याएवापत प्रा.डा.ठाकुरलाई युगकवि सिद्धिचरण पुरस्कार २०८१ प्रदान गर्न लागिएको उल्लेख गरिएको छ । यस्तै लामो समयदेखि पत्रकारिता क्षेत्रमा अनवरत योगदान गरेवापत पत्रकार कार्कीलाई युगकवि सिद्धिचरण युवा पत्रकारिता पुरस्कार प्रदान गरिने भएको हो ।

प्रतिष्ठानले उपाध्यक्ष प्रा.डा.मोहन लोहनीको संयोजकत्वमा सदस्यद्वय प्रा. डा. अभि सुवेदी र प्रा.डा.जयराज आचार्यसहित तीन सदस्यीय पुरस्कार छनोट समिति गठन गरेको थियो । समितिको सिफारिसलाई प्रतिष्ठानको बैठकले अनुमोदन गरी सो निर्णय गरेको हो ।

## गोलबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**गोलबजार, सिरहा**
**मधेश प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित सूचना २०८१/०१/०५**

यस नगरपालिकाद्वारा मिति २०८०/११/१७ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार E–Bid मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तल उल्लेखित बोलपत्र न्यूनतम मूलयांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि मूल्याङ्कन समितिबाट छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम स्वीकृति गर्ने आशयको सूचना सम्बन्धीत सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | सूचना प्रकाशित मिति | योजनाको नाम, ठेक्का नं. | छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक (P.S. र मू.अ.कर सहित) |
|---|---|---|---|---|
| १. | 2080/11/17 | Purandi Damar Khanepani Aayojana Wada no.3 | Prayan Construction Khadak Municipality-5, kharchuhiya | 1,07,96,518.58 NPR |
| २. | 2080/11/17 | Dhamala tole dekhi balkawa jane sadak astarunanti | Jyoti Construction Golbazar Municipality-5 | 17,57,794 NPR |

**प्रमुख प्रशासकीय अधिकृत**

## Vacancy Announcement

One of the reputed recruitment manpower agency is seeking for following applicants.

Receptionist - 1 (Female)
Documentation Officer - 2 (Female)
Public Relation Officer (PRO) - 2 (Male/Female)

SALARY Negotiable

**Requirements:**
Educational qualification +2 pass.
Should know nepali typing, well speaking english.
Photoshop. Minimum 2 years experience in the recruitment field.

**Send your cv on office mail : pnpnepaloffice@gmail.com**

श्रम इजाजत नं. ८००/०६५/०६६
**प्रुडेन्सियल ओभरसिज प्रा. लि.**
सिनामंगल, काठमाडौं, नेपाल
Mob.: 9802002032

## साउदीमा रोजगार

कम्पनी : REHAL AL-SHARQ LOGISTIC SERVICES CO.
शहर : Saudi Arabia

पूर्व स्वीकृत मिति: २०८१/०१/04 चलानी नं.: ६०२१८३४३ L.T. No.: 303520

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 5 | 0 | स. काममा दक्ष | 1800 | ६३,९३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख १२ गते (24 April 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ४३१/०६०/०६१
**Professional Manpower Services Pvt. Ltd.**
Basundhara-03, Kathmandu, Nepal | Tel No.: 01- 4987247, 01-4988247 | Email: info@pms.com.np

## मलेसियामा रोजगार

कम्पनी: SMART FORCE SECURITY SERVICES SDN.BHD.
शहर: Malaysia, Selangor

पूर्व स्वीकृत मिति: २०८०/१०/०७ चलानी नं.: ६०२१३४६५ LT. No.: 298453 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 53 | 0 | स. काममा दक्ष | 1500 | ४१,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख १२ गते (24 April 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८
**Frontline Recruitment Pvt. Ltd.**
Kalimatidol, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-4493645,4493646
Fax:+977-01-4493647, Email:info@manpoweragencynepal.com

## Vacancy Announcement

One of the reputed recruitment manpower agency is seeking for following applicants.

Public Relation Officer (PRO) - 3 (Female) 2 (Male)

SALARY Negotiable

**Requirements:**
- Educational qualification +2 pass.
- Well knowledge of Basic Computer.
- Minimum 2 years experience in the recruitment field.

*Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV and recent photograph at masia@newworldoves.com*

श्रम इजाजत पत्र नं. ११२/०५५/०५६
**न्यू वर्ल्ड ओभरसिज सर्भिस प्रा.लि.**
चाकुपाट, ललितपुर, नेपाल, फोन : ५२६८२२८. Mobile No: 9801063549 , 9801232406

## काठ लिलाम सम्बन्धीको सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८१/१/५ गते**

यस श्री सिगास सामुदायिक वन उपभोक्ता समुह परशुराम नपा-३, डडेल्धुरामा कटान, मुछान, बेलान र घाटगद्दी भईसकेको र डिभिजन वन कार्यालय डडेल्धुराबाट लिलाम सहमतिसमेत प्राप्त भएका तपसिलका विवरणका गोलिया काठहरु सिलवन्दी दरभाउपत्रद्वारा लिलाम विक्री गरीने भएको हुँदा लिलाम लिन इच्छुक मूल्य अभिवृद्धि करमादर्ता भएका काठ व्यवसायी वा फर्मले यो सूचना प्रकाशित भएको मितिले १५औं दिनभित्र यस समुहको कार्यालय र डिभिजन वन कार्यालय डडेल्धुरावाट दरभाउपत्र खरिद गरी १६औं दिनको दिउँसो १२ बजेभित्र सोहि यस वन समुहको कार्यालयमा सिलवन्दी बोलपत्रदर्ता गर्न सकिने सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | गोलियाथान | परिमाण (क्यु.फिट) |
|---|---|---|
| १ | साल गोलिया ४६० थान | २४५४.६८ |
| २ | असिना गोलिया ४८ थान | २६७.५७ |
| ३ | सालको दाउरा चट्टा | ३.९५ मात्र |

## Kakani Rural Municipality
## Office of the Rural Municipal Executive
**Ranipauwa, Nuwakot**
**Bagamati Province**

### Invitation for Bids

**Notice No 04/stationery/kRm/2080-81**
**Date of Publication: 2024/04/17 (2081/01/05 BS)**

1. Kakani Rural Municipality, Office of Rural Municipal Executive Ranipauwa, Nuwakot invites Bids from Eligible Bidders under the following contracts under National competitive bidding procedures specified in public procurement Act and Regulations.

| Contract No | Description | Estimate amount excluding VAT | Bid Security Amount | Bid security Validity period | Price of Bid Document | Last Date of Submission | Bid opening Date and Address |
|---|---|---|---|---|---|---|---|
| 04/stationery/ kRm/ 080-81 | Supply and delivery of Stationery Items | 1495924 | 45000 | 90 | 1000 | 2024/05/17 12:00 Hrs | 2024/05/17, 14:00 Hrs at office of municipal executive, Kakani, Ranipauwa |

2. A complete set of bid document shall be purchased from office of the Kakani Rural Municipality at office hours. The cost of bid document and bid security should deposit in the office account as specified bellow.
   Name of the Bank: Agricultural Development Bank, Ranipauwa Branch Office,
   Office Account no: 0213401251034093 (Kakani Rural Municipality Rajaswo Khata),
   Deposit Account no 0213401251034042 (cash Deposit for Bid Security),
3. Eligible Bidders are advised to visit e-gp portal of PPMO's Website for further details or may contact Kakani Rural Municipality, Office of Municipal Executive Ranipauwa, Nuwakot , Telephone: 9851241660 and mailing Address: ito.kakanimun@gmail.com
4. Matters not covered by this notice shall be in accordance with public procurement Act-2063 and public procurement regulation 2064 and prevailing regulations and latest amendment.
5. Kakani Rural Municipality reserves the right to accept or reject, wholly or partly and or all the bids without assigning reason, whatsoever.

**Chief Administrative officer**

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
५ वैशाख २०८१, बुधबार
17 April 2024, Wedensday

## सम्पादकीय

# अध्यादेशबाट शासन अमान्य

संघीय संसदको हिउँदे अधिवेशन अन्त्य गरेको केही दिन नबित्दै सरकारले एक दर्जन बढी कानुन संशोधनका लागि अध्यादेश ल्याउन लागेको छ । यही वैशाख १६ र १७ गते हुने लगानी सम्मेलनाई देखाएर सरकारले अध्यादेशबाट एक दर्जन बढी कानुन संशोधन गर्न लागेको हो । उद्योग र व्यवसायमा लगानीको वातावरण सुधार गर्नलाई बाधक बनेका कानुनी व्यवस्था फेर्न लागिएको प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको दाबी छ । मंगलबार नेपाल उद्योग परिसंघको २१ औं वार्षिक साधारणसभालाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले सगौरव अध्यादेशबाट एक दर्जन बढी कानुन संशोधन गर्न लागिएको जानकारी दिए ।

अध्यादेश प्रधानमन्त्रीले सगौरव बोल्ने विषय होइन । संसद अधिवेशन नबसेको, तत्काल केही गर्न आवश्यक परेको तर सो विषयमा कानुन नभएको अवस्थामा मात्र अध्यादेश जारी गर्न सक्ने संवैधानिक व्यवस्था छ । संविधान अनुसार कुनै पनि अध्यादेश संसद सुरू भएको ६० दिनभित्र कानुनमा रूपान्तरित हुनुपर्छ । अर्थात, अध्यादेश संसदबाट पारित गराउने सर्तमा मात्र कार्यकारीद्वारा जारी गरिन्छ । संसदबाट पारित भए स्थायी ऐनसरह लागू हुन्छ भने संसदबाट पारित नभए सरकारले जतिखेर चाह्यो राष्ट्राध्यक्षद्वारा खारेज गरिने प्रचलन भारत, बेल्जियम, बेलायत, दक्षिण अफ्रिकासहित संसदीय अभ्यास अनुसरण गरेका मुलुकहरूमा छ ।

तर, नेपालमा अध्यादेशलाई संसद छल्ने हतियारका रूपमा प्रयोग गरिँदै आएको पाइन्छ । यसअघि २०७८ सालमा जारी भएको राजनीतिक दलसम्बन्धी अध्यादेश बमोजिम माधव नेपालले एमाले र महन्थ ठाकुरले जनता समाजवादी पार्टी (जसपा) फुटाएका थिए । संसदीय दलको २० प्रतिशत तथा केन्द्रीय समितिको २० प्रतिशत रहेका आधारमा पार्टी फुटाउन सकिने गरी आएको उक्त अध्यादेश कानुनमा रूपान्तरित हुन सकेन । त्यो केवल निश्चित पार्टी फुटाउनका लागि ल्याइएको रूपमा इतिहासमा दर्ज भएको छ । २०७७ र २०७८ सालमा संवैधानिक परिषद सम्बन्धी अध्यादेश जारी भएका थिए । ६ सदस्यीय परिषदका तीन जनाको उपस्थितिमा बैठक र निर्णय भएको आधारमा बिभिन्न संवैधानिक निकायमा ५२ जना नियुक्त भएका थिए । तर, ५२ जनाले जुन अध्यादेशको धरातलमा नियुक्ति पाए त्यसले कानुनी वैधता पाउन सकेन । यो पनि संवैधानिक आयोगहरूमा आफू निकटका व्यक्तिहरूलाई कार्यकारीले नियुक्ति दिलाउन ल्याएको अध्यादेशको रूपमा इतिहासमा दर्ज भएर रहेको छ ।

नेपालमा अध्यादेशको असल अभ्यास कम भएको इतिहास वर्तमान सरकारले पनि ख्याल गरोस् । अन्यथा संसदलाई छल्दै अध्यादेश ल्याउनु संविधानमाथि प्रहार हुनेछ । संसदीय व्यवस्थामा संसदले कानुन बनाउने, सरकारले कार्यान्वयन गर्ने र न्यायपालिकाले कानुनको व्याख्या गर्ने गरे मात्रै विधिको शासनको संस्थागत विकास हुन सक्छ ।

# वास्तुशास्त्रको अर्थ र महत्व

*शास्त्रीय मान्यतालाई वैज्ञानिक आधारहरू खोज्दै अधिकतम सदुपयोग गर्दा लाभ मिल्न सक्छ । आफ्नो घर, कार्यालय या अन्य निर्माणस्थललाई वास्तुशास्त्रसम्मत् बनाउँदै अधिकतम् लाभ उठाउन सकिन्छ । वास्तुशास्त्रीय मान्यता अवलम्बन गर्दा लाभ मात्रै छ, हानी छैन ।*

धर्म-संस्कृति




● भरतमणि ज्ञवाली

विश्वकर्मा नामक देवतालाई वास्तुशास्त्रका प्रणेता मानिन्छ । भगवान् शिव र पार्वतीको दर्शनका लागि देवताहरू जाँदै गरेका बेला नन्दी (शिवका बाहन)ले विश्वकर्मालाई वास्तुशास्त्रका विषयमा प्रेरित गर्दै शिवको आराधना गर्न लगाएको भन्ने मान्यता छ । यसरी विश्वकर्माले शिव स्तुति गर्दै आफूलाई सम्पूर्ण वास्तुशास्त्रको ज्ञान होस् र जगत्को हितमा काम गर्न प्रेरणा मिलोस् भनी वरदान मागेको उल्लेख छ । आजको संसारको रचना र प्रत्येक रचनाको उत्कृष्टताका आधार विश्वकर्मा हुन् भन्ने शास्त्रीय मान्यता छ । विश्वकर्मा नै विभिन्न देवपुरका रचनाकार हुन् भन्ने शास्त्रीय आधार पनि छ ।

*वास्तुशास्त्रको दोस्रो अध्यायमा विश्वकर्मा भन्छन्:*
*शम्भो जगत्पते नाथ यदि ते मय्यनुग्रहः ।*
*स्तुत्या प्रसिदसि त्वं मत्कृतया चन्द्रशेखर*
*वास्तुशास्त्र प्रकाशोऽस्तु मत्चित्ते तव वीक्षात् ॥*

"हे जगतपते यदि तपाई मेरो स्तुतिबाट प्रशन्न हुनुभएको हो भने मेरो मन या चित्तमा वास्तुशास्त्रीय ज्ञानको प्रकाश होस्" विश्वकर्माले वरदान मागेका थिए । उनले आफूमा देवालय, मानव गृह, विभिन्न शालाहरू, यन्त्र, सवारीसाधन या विमान, गोपुर या अन्य पुरलगायत समस्त निर्माणको वास्तुशास्त्रीय ज्ञान होस् भनी वरदान मागेकाले भगवान् शिवले विश्वकर्मामा समस्त निर्माणको ज्ञान दिएको भन्ने प्रसङ्ग शास्त्रमा वर्णित छ ।




*मदाज्ञया त्वं लोकानां निर्माणादिषु कौशलम् ।*
*लभस्व च शुभां कीर्ति सर्वलोकहिताय च ॥*

भगवान् शिवले विश्वकर्मालाई समग्र संसारमा यश प्राप्त गर्दै लोकको हितमा काम गर्न वरदान दिएको उल्लेख गरेको पाइन्छ । शिल्प शास्त्रका रूपमा लिइने वास्तुशास्त्रको समुचित प्रयोगले समस्त लोकमा धर्म, अर्थ, काम र मोक्षको सन्तुष्टि मिल्ने शास्त्रीय मान्यता छ । वास्तवमा वास्तुशास्त्रको मूल ग्रन्थका विषयमा विभिन्न मत पाइए पनि पूर्वीय मान्यतामा विश्वकर्मा प्रकाश या विश्वकर्मा वास्तुशास्त्रलाई प्रमुख आधार लिएर कार्य गर्ने गरेको पाइन्छ । देवशिल्पका लागि विश्वकर्माको वास्तुसँगै मय नामक दैत्यले विभिन्न पुर निर्माण गर्दै मयमतको सिर्जना गरेको पाइन्छ । खासगरी विभिन्न पुराणहरूमा पनि वास्तुको विषय चर्चा भएको उल्लेख छ ।

विद्वानहरूका अनुसार मत्स्यपुराण, भविष्यपुराण, गरुडपुराण, नारदपुराण आदिमा वास्तुको उल्लेख भएको छ । गृह वास्तु व्यवस्थामा गर्गसंहिता, वशिष्ठसंहिता, नारदसंहिताजस्ता ग्रन्थहरूले चर्चा गरेको बताइन्छ । यद्यपि समग्र वास्तुशास्त्रको श्रेय विश्वकर्मालाई जान्छ । पूर्वीय वैदिक सनातनमा विश्वकर्मा वास्तुलाई विशेष स्थान दिइएको छ ।

हिन्दू वैदिक मान्यतामा आधारित अनेक धार्मिकस्थल नै वास्तुशास्त्रका नमूना हुन् । देवालयहरूमा व्यवस्थित वास्तुकलाले विश्वलाई यसक्षेत्रमा आकर्षित गरेको पाइन्छ । सुखी, स्वस्थ र समृद्ध जीवनका लागि वास्तुशास्त्रको अवलम्बन महत्वपूर्ण पक्ष हो । हजारौं वर्षअघि नै ऋषिमुनिहरूले यसको महत्व र आवश्यकता बुझेर मानव कल्याण हेतु विभिन्न सिद्धान्तलाई व्यवस्थितरूपमा प्रस्तुत गर्दै आए । कोही शिवभक्त थिए र उनीहरू शैव मान्यतालाई जोड दिँदै आए भने कोही विष्णुभक्त भएकाले विष्णु भगवान्को महिमा र मान्यतालाई पछ्याउँदै आए । तान्त्रिक मान्यतामा आगम र निगमको नियमलाई अधिक महत्व दिएका हुन्छन् । जसले जुन मान्यता लिए पनि समग्रमा मानवहितका लागि नै गरिएको छ ।

> *शिल्प शास्त्रका रूपमा लिइने वास्तुशास्त्रको समुचित प्रयोगले समस्त लोकमा धर्म, अर्थ, काम र मोक्षको सन्तुष्टि मिल्ने शास्त्रीय मान्यता छ । वास्तवमा वास्तुशास्त्रको मूल ग्रन्थका विषयमा विभिन्न मत पाइए पनि पूर्वीय मान्यतामा विश्वकर्मा प्रकाश या विश्वकर्मा वास्तुशास्त्रलाई प्रमुख आधार लिएर कार्य गर्ने गरेको पाइन्छ ।*

शिल्पशास्त्र अर्थात् वास्तुशास्त्रमा देवता, राजा र सर्वसाधारणका लागि समान हुँदैन । देव वास्तुमा मठ मन्दिर, देवालयहरू पर्छन् भने राजाहरूका लागि दरवारको निर्माणसँगै कोषागार, शस्त्रागार, कारागार जस्ता कुराहरू समेटिएका हुन्छन् । साधारण मानिसका लागि गृह वास्तुको व्यवस्थापन गरिन्छ । त्यसरी नै वास्तुमा मानिसको वर्णअनुसार विविधता हुन्छ । निर्माण तथा सजावटका फरक-फरक विधि र व्यवस्था हुन्छन् । विभिन्न स्तम्भहरू, बाहाल, टुँडाल, मण्डप तथा अन्य यन्त्र निर्माणमा वास्तुको स्वतन्त्र व्यवस्था रहेको हुन्छ । रथ तथा विमान निर्माणको वास्तुकला फरक हुन्छ । कुनै निर्माणको स्थान, परिवेश, प्रकार र आकारअनुसार वास्तुकलाको विधान व्यवस्था गरिएको छ ।

सबै वास्तुशास्त्रीय मूल सिद्दान्त अत्यन्तै विधिसम्मत् छ । वास्तुले पहिलो शर्त मुहुर्तलाई लिएको हुन्छ । कुनै पनि कार्यका लागि समय सबैभन्दा बलवान हुन्छ । शुभ समय सबै समस्याको निकास र समाधान मानिन्छ । कार्यसम्पन्न गर्नका लागि उत्तम मुहुर्त अनिवार्य हुन्छ । कार्यारम्भ शुभ मुहुर्तमा भएन भने विभिन्न समस्या उत्पन्न हुन्छन् । धनको समस्या उत्पन्न हुनसक्छ । स्वास्थ्यमा समस्या उत्पन्न हुनसक्छ । त्यसैले निर्माण आरम्भ, शिलान्यास गर्दा, द्वार स्थापना गर्दा मुख्यस्तम्भ निर्माण गर्दा, छानो छाउँदा, गृहप्रवेश गर्दा शुभमुहुर्त अनिवार्य हेरिनुपर्छ । त्यसरी नै जलाशय निर्माण गर्दा, पुरानो घर जीर्णोद्वार गर्दा, भवनमा अग्निस्थापना अर्थात् चुल्हो निर्माण र बाल्दा शुभमुहुर्त छनोट गर्नुपर्छ । शिल्प विज्ञानको शुद्धता र त्यसको सुधार एउटा उपाय हो तर शुभमुहुर्तको प्रभाव अधिक रहन्छ । विश्वकर्माले शिल्प निर्माणमा शुभमुहुर्तलाई प्राथमिकतामा राखेको पाइन्छ ।

वास्तुशास्त्रमा कांकिणी विधिलाई पनि विशेष महत्व दिएको पाइन्छ । कुनै पनि स्थान र गृहस्वामीको शुभाशुभ हेर्न यस विधिको प्रयोग गरिन्छ । कुनै देश या जिल्ला, नगर अथवा गाउँ सम्बन्धित व्यक्तिका लागि शुभ छ-छैन भन्ने ज्ञात गरेरमात्र निवास निर्णय गरिनुपर्छ । यदि स्थान नै व्यक्तिका लागि शुभ छैन भने त्यो स्थानमा गृह निर्माण गर्नु हानिकारक हुनसक्छ । यसका लगि देश या स्थानको अङ्क र गृहस्वामीको अङ्कका आधारमा निर्णय गरिन्छ । मुहुर्त, कांकिणी, जमिनको आकार-प्रकार, रङ, गन्ध आदिको उचित शोधन अनिवार्य मानिन्छ ।

वास्तुशास्त्रले निर्माणस्थलको मापनलाई गहन अध्ययन गर्न सुझाउँछ । निर्माणस्थलको पिण्ड अथवा क्षेत्रफलको आधारमा त्यसलाई शुभाशुभ निर्णय गरेको हुन्छ । भूमिको पिण्ड र निर्माणको पिण्डबीचको सन्तुलन अनिवार्य मानिएको छ । पिण्डका आधारमा त्यस भूमिका फरक-फरक लक्षण हुन्छन् भन्ने वास्तुशास्त्रको मान्यता छ । देश, काल र गृहस्वामीका आधारमा त्यसको मापन गरी विधिसम्मत शुभमुहुर्तमा निर्माण गर्दा सर्वोत्तम हुन्छ । वास्तु व्यक्तिअनुसार फरक र शुभ-अशुभ हुन्छ । एकका लागि अशुभ कार्य अर्काका लागि शुभ हुनसक्छ । विश्वकर्माकृत वास्तु या मयमत अथवा चाइनिज वास्तु या आधुनिक वास्तु सबैको मान्यता निवास या निर्माणस्थल जनहितका लागि तय गरिएको हुन्छ । पछिल्लो समयमा वास्तुशास्त्रका सिद्धान्तहरूलाई विज्ञानसँग जोडेर हेर्न प्रयास पनि भइरहेको छ । वैदिक वास्तुकै जगमा टेकेर आएका त्यसलाई प्रमाणित गर्ने काम पनि भइरहेको छ भने कहिँकतै आफ्ना नयाँ मत सिर्जना गर्ने प्रयास पनि भइरहेका छन् । वास्तु वैदिककालदेखि नै थियो र अहिले पनि यसको प्रभाव झन् बढ्दो छ । त्यसलाई राजमहलहरूमा मात्र सीमित गराउने प्रयास भए पनि पछिल्लो समयमा हरेक मानिस यस शास्त्रबाट अधिकतम् लाभ लिनसक्ने अवस्थामा छन् ।

शास्त्रीय मान्यतालाई वैज्ञानिक आधारहरू खोज्दै अधिकतम सदुपयोग गर्दा लाभ मिल्न सक्छ । आफ्नो घर, कार्यालय या अन्य निर्माणस्थललाई वास्तुशास्त्रसम्मत् बनाउँदै अधिकतम् लाभ उठाउन सकिन्छ । वास्तुशास्त्रीय मान्यता अवलम्बन गर्दा लाभ मात्रै छ, हानी छैन । स्थान सानो होस् या ठूलो वास्तुसम्मत निर्माण सम्भव छ ।

## सामाजिक सञ्जाल



- विष्णु ढकाल

दर्शन, सिद्धान्त, आदर्श भनेको समग्रता हो, यहाँ त कुन पंक्ति खण्ड आफू अनुकूल छ टिपेर खैजेडी बजाइन्छ, फेरि ताली पिट्ने कति-कति ! निषेधको परम्परा भ्याङिएको छ कि त सम्पूर्ण ठिक कि त सम्पूर्ण बेठिक ! फोस्रो क्षणिक स्वार्थमा रूमलिने हाम्रो नियति अब त को कति वर्षको भयो त्यतै लक्षित नीति निर्माण !



- बद्रि विनोद खनाल

प्रदेश सरकारहरूमा देखिएको यो खाले भद्रगोलले प्रदेशहरूको आयु कतिसम्म रहला ? के भएको हो यस्तो ? कस्तो कानूनी संरचना हो ? यस्तो अस्थिर सरकार दिने संसदलाई जबरजस्ती राखेर मुलुक कसरी अगाडि बढ्छ ? जवाफ कसले दिने हो ?



- हरिचन्द्र पाण्डेय

संसद अधिवेशन अन्त्य गरेपछि न त सहकारी ठगीको छानबिन समिति बन्ने न अन्य छलफल हुने । बदनामितहरूलाई हाई सन्चो ! संसद अन्त्य गऱ्यो भनेर रूवाबासी गर्नुभन्दा कांग्रेसले विशेष अधिवेशन माग गर्न पहल गर्नु सबैभन्दा उत्तम ! तर, कांग्रेस त्यो गर्दैन किनकी भित्रिया बाहिरिया सबै मिलेका छन् ।



- भीम रावल

देशमा राजनीतिक, आर्थिक, सांस्कृतिक र राष्ट्रिय सुरक्षा सम्बन्धी गम्भीर समस्या छन् । यस्ता विषयमा चिन्तन र छलफलको साटो बाह्रैमास, चौबीसै घण्टा सत्ता स्वार्थ, भागबण्डा र गुटबन्दीमा दलका नेता लाग्नु र राष्ट्रिय राजनीति बहकिनु दुःख र चिन्ताको विषय हो । यस्तो चालाले देश तहस नहस हुन्छ ।

## तपाईको राशिफल

| | | |
|---|---|---|
| मेष | : | नयाँ कार्यमा सावधानी राख्नुहोला । विदेश यात्राको योग छ । |
| वृष | : | सामाजिक सहयोग बढ्नेछ । मनोबल उच्च रहनेछ । |
| मिथुन | : | शैक्षिक कार्यमा सफलता मिल्नेछ । लेनदेनमा सावधानी राख्नुहोला । |
| कर्कट | : | यात्रा सफल र सुखद रहनेछ । नाता-गोतासित भेटघाट हुनेछ । |
| सिंह | : | अनावश्यक जिम्मेवारी लिनु हुँदैन । व्यापारिक कार्यहरूमा राम्रो लाभ हुनेछ । |
| कन्या | : | सम्बन्धहरूमा विवाद पर्ने योग छ । स्वास्थ्य राम्रो रहनेछ । |
| तुला | : | प्रशस्त मात्रामा धन कमाई हुनेछ । खर्चमाथि नियन्त्रण राख्नुहोला । |
| वृश्चिक | : | नयाँ काम बन्नेछ । रोजगार प्राप्तिको योग छ । |
| धनु | : | प्रसिद्धिमा वृद्धि हुनेछ । शैक्षिक प्रगति हुने योग छ । |
| मकर | : | खर्चमाथि नियन्त्रण राख्नुहोला । सभा समारोहमा सहभागी हुनुपर्ने योग छ । |
| कुम्भ | : | धनलाभमा कमी आउनेछ । विरोधी सक्रिय रहनेछन् । |
| मीन | : | सामान्य रोकावटले अशान्ति दिनेछ । आत्मविश्वास राख्न जरुरी छ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# आर्थिक एजेन्डा नभएको माओवादी

टिप्पणी



● खगेन्द्र पौडेल

> *माओवादीले आफ्नो आधार छोडिसकेको छ । आज कृषि र सहकारीको एजेन्डामा उ आफैं अलमल छ । उसले भन्ने कम्युनहरू आज किताबका पानामा मात्रै सीमित छन् । विस्तारवादी र साम्राज्यवादीको चङ्गुलमा फस्दै गइरहेको आर्थिक संरचनाबाट कसरी बाहिर आउने भन्ने विकल्प माओवादीसँग छैन ।*

कृषिलाई उद्योग बनाउँदा सामन्तवादका थुप्रै आधारहरू समाप्त हुन्छन् । अर्धदासता समाप्त हुन्छ । कृषि दासहरू स्वतन्त्र मजदुर हुन्छन् । यो प्रक्रिया समग्र एउटा आन्दोलन हो । क्रान्ति हो । यद्यपि, यसलाई सामूहिकीकरणमा लैजाँदै प्रतिस्पर्धात्मक बनाउन सकिएन भने आफैं धराशाही हुन्छ । बहुराष्ट्रिय कम्पनीका संरचनाले समाजलाई आत्मनिर्भर बनाइरहेका साना-साना यस्ता संरचनाहरूलाई खाइदिन सक्छन् । राजनीतिक अर्थशास्त्रले बताएको छ कि स्वाभिमानी लडाइँ सजिलो छैन । बहुराष्ट्रिय कम्पनीहरूले बलजफ्ती वा फकाएर कि कारिन्दा बनाउनेछन् कि सिध्याउनेछन् । आज नेपालमा सत्ता नेतृत्वकर्ताको रूपमा रहेको माओवादी केन्द्रको राजनीतिक अवस्थालाई केलाउँदा ठ्याक्कै स्थिति मिल्छ । माओवादी आज आफ्ना सबै एजेन्डा तिलाञ्जली दिने अवस्थामा पुगेको छ । उसका एजेन्डाहरूले अरूले खाइसकेका छन् । उ निरिह छ । उ विकल्पबिहीन छ तैपनी उ कहिलेकाहीँ भ्रमपूर्ण रूपमा क्रान्तिको कुरा पनि गरिरहेको हुन्छ ।


१० वर्षे जनयुद्धको चरणमा जे-जसरी माओवादीले अर्थसंरचनाको वकालत गऱ्यो, जे-जसरी क्रान्तिको कुरा गऱ्यो, त्यो अवस्था अहिले छैन । माओवादीले आफ्नो आधार छोडिसकेको छ । आज कृषि र सहकारीको एजेन्डामा उ आफैं अलमल छ । उसले भन्ने कम्युनहरू आज किताबका पानामा मात्रै सीमित छन् । विस्तारवादी र साम्राज्यवादीको चङ्गुलमा फस्दै गइरहेको आर्थिक संरचनाबाट कसरी बाहिर आउने भन्ने विकल्प माओवादीसँग छैन । उ विभिन्न मुद्दाहरूले घेरिएको छ र विकल्प सोंच्ने अवस्थामा पनि छैन । तैपनि कथित क्रान्तिकारी आडम्बरमा रमाउन छाडेको भने छैन । युद्धमा भनिएजस्तै शैलीमा माओवादी आन्दोलन अघि बढ्न सकेन । आफ्नै एजेन्डाबाट क्रमशः च्यूत हुने अवस्थामा पुग्यो । आज आफ्नै एजेन्डा पनि कसले ल्याइदिएको भन्ने अवस्थामा माओवादी आन्दोलन पुगेको छ । आज विगतमा भनिने कम्युनहरू छैनन् । सहकारीताको अवधारणा धुलिसात बनेको छ । यद्यपि, अझै क्रान्तिको कुरा भने गर्न छाडेको छैन । आत्मनिर्भर अर्थतन्त्रको भने कुरा पनि गरिरहेको छ ।

के हालकै विद्यमान संरचनाले हामीलाई क्रान्तिकारी बनाउन सक्छ ? के विद्यमान संरचनाभित्र आत्मनिर्भर अर्थतन्त्रको कल्पना गर्न सकिन्छ ? बहुराष्ट्रिय कम्पनीहरूको मनोमानीभित्र हामी स्वतन्त्र अर्थतन्त्रको संरचना विकास गर्न सक्छौं ? के हाम्रो कृषिलाई आधुनिकीतर्फ लैजान सक्छौं ? के सस्ता जनशक्ति फर्काउन सक्छौं ?

आज माओवादी नेतृत्व कता-कता फर्किनै नसक्ने अवस्थामा पुगेको देखिन्छ । बदलिँदो परिस्थितिअनुसार कस्तो एजेन्डा लिने भन्ने अन्योल माओवादी नेतृत्वभित्र छ । बिडम्बना नै मान्नुपर्छ, सरकारको नेतृत्वमा रहेको माओवादीसँग आफ्नो कुनै कार्यक्रम छैन । आफ्ना कुनै योजना छैनन् । अन्यका योजनाको भारी बोकेर माओवादी सत्ताको यात्रामा छ । यसबाट प्रष्ट हुन्छ, माओवादी कताको यात्रामा छ । पछिल्लो समय माओवादी आन्दोलनको भविष्यमाथि प्रश्न उठिरहेको छ । एजेन्डा नभएको माओवादी कता पुग्दैछ भन्ने प्रश्न छ ।

# इरानको आक्रमणको जवाफ दिने इजरायलको प्रतिबद्धतापछि मध्यपूर्व तनावग्रस्त

**काठमाडौं/एजेन्सी-** इरानले इजरायलमाथि गरेको पहिलो प्रत्यक्ष आक्रमणले मध्यपूर्वमा तनाव बढाएको र गाजा युद्ध जारी रहँदा इजरायल र इरानबीच खतराको संकेत देखिएको छ । इजरायलका सेना प्रमुख लेफ्टिनेन्ट जनरल हर्जी हालेभीले इरान र उसका सहयोगी राष्ट्रले इजरायलमाथि ३०० भन्दा बढी क्षेप्यास्त्र, ड्रोन र रकेट प्रहार गरेपछि सोमबार 'जवाफी कारबाही' गर्ने प्रतिबद्धता जनाएका छन् ।



इरानले सिरियामा रहेको आफ्नो वाणिज्य दूतावासमा इजरायलले गरेको घातक हवाई आक्रमणपछि आत्मरक्षाका लागि गरिएको ठूलो आक्रमण भएको र इजरायलले जवाफ नदिएसम्म यो विषय 'निष्कर्षमा' पुगेको मान्न सकिने बताएको छ । तर इरानका राष्ट्रपति इब्राहिम राइसीले इरानको हितविरुद्ध सानोतिनो कदमको पनि कडा र व्यापक जवाफ दिइने बताएका छन् । अमेरिकी राष्ट्रपति जो बाइडेनले इजरायलको सुरक्षाका लागि अमेरिका प्रतिबद्ध रहेको तर द्वन्द्व फैलन नदिन चाहेको बताएका छन् । अमेरिकी अधिकारीका अनुसार इजरायलको शीर्ष सहयोगी तथा हतियार आपूर्तिकर्ता वासिङ्टनले आफ्नो साझा प्रतिद्वन्द्वी इरानमाथि हुने कुनै पनि आक्रमणमा इजरायललाई साथ नदिने बताएको छ ।

इरानले इजरायलमाथि गरेको आक्रमणपछि विश्वका नेताहरूले संयमित हुन आग्रह गरेका छन् । जसले संकट कूटनीतिको हलचल मच्चाएको, तेलको मूल्य बढाएको र शेयर बजारलाई निराश बनाएको छ । गाजाबारे बाइडेनले भने, 'हामी युद्धविरामका लागि प्रतिबद्ध छौं । बन्धकहरूलाई घर फर्काउने र द्वन्द्वलाई पहिलेदेखि नै रहेकोभन्दा बाहिर फैलनबाट रोक्ने एक मात्र उपाय युद्धविराम र शान्तिवार्ता हो ।'

छ महिनाभन्दा बढी समयदेखि चलेको युद्ध र २४ लाख मानिसमाथिको घेराबन्दीका कारण ठूलो मात्रामा तहसनहस भएको तटीय क्षेत्र गाजामा आफ्नो इजरायलले लक्ष्यमा बमबारी जारी राखेको छ ।

# काश्मिरमा डुंगा डुब्दा ६ जनाको मृत्यु, कयौं बेपत्ता

**काठमाडौं/एजेन्सी-** काश्मिरमा मंगलबार डुंगा पल्टिँदा डुंगामा सवार ४ जना स्कुले बालबालिकासहित कम्तीमा ६ जनाको मृत्यु हुनुका साथै अन्य धेरै बेपत्ता भएको अधिकारीहरूले बताएका छन् । अधिकारीहरूका अनुसार काश्मिरको ग्रीष्मकालीन राजधानी श्रीनगरको बाहिरी भागमा रहेको झेलम नदीमा २० जनाभन्दा बढी मानिस बोकेको डुंगा दुर्घटनाग्रस्त भइ पल्टिएको थियो । एक प्रहरी अधिकारीका अनुसार आज बिहान गान्दबल क्षेत्रको झेलम नदीमा उक्त डुंगा पल्टिँदा नदी पार गर्न प्रयोग गरिएको डोरी अचानक खसेको थियो । दुर्घटनामा परी ६ जनाको मृत्यु भएको छ भने अन्य धेरै बेपत्ता भएका छन् ।

## श्री देवी माध्यमिक विद्यालय
**माधवनारायण नगरपालिका ३ सखुअवा, रौतहट**
**स्था :- २०१७**

### आशयपत्रको सूचना बारे

**प्रकाशित मिति :- २०८१/०१/०५**

यस श्री देवी माध्यमिक विद्यालय सखुअवा माधवनारायण नगरपालिका ३ सखुअवा, रौतहटको कार्यालयवाट मिति २०८०/१०/१८ गतेको मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित E–Bidding शिलबन्दी बोलपत्र आव्हानको सूचना अनुसार तोकिएको मितिभित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्तावको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७ अनुसार गठित मूल्याङ्कन समितिबाट विस्तृत मूल्याङ्कन हुँदा तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्तावहरु सार्वभूत रुपमा प्रभावग्राही भएको हुँदा मिति २०८१/०१/१२ (24th, April, 2024) गते बुधवार दिनको १ बजे श्री देवी माध्यमिक विद्यालय सखुअवा माधव नारायण नगरपालिका ३ सखुअवा, रौतहटको कार्यालयमा आर्थिक प्रस्तव खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ "ङ" को उपनियम ५ बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताको नाम र ठेगाना |
|---|---|---|---|
| १ | 01–2080/081 | Construction of 4–Class room 2– story RCC School Building of Sri Devi Madhyamik Vidhalay Sakhuawa | GAURI GANESH CONSTRUCTION |
| | | | MCNC–SNS JV |
| | | | Rajan & Roshan Construction Pvt.Ltd. |
| | | | Jay Shivshankar/Shree Ram JV, Rajdevi–02, Rautahat |
| | | | Saraswati–United JV, Pipariya -Dostiya_, Rautahat |
| | | | Maa om birat nirman sewa pvt.ltd |

## साउदीमा रोजगार | कम्पनी : QAWI EAST TRANSPORT EST. शहर: DAMMAM

पुर्व स्वीकृत मितिः २०८०/१२/०९ चलानी नं.: ६०२१७०७७ LT. No.:302222 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 12 | 0 | स. काममा दक्ष | 1800 | ६३,९३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० वैशाख ६ देखि ११ गते सम्म (18 to 23 April 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**A.S. International Group Pvt. ltd.**
Gov. lic. No. 1155/073/74
Samakhusi-26, Kathmandu Nepal,Tel: 01-5900381/5901381
Email: asintldemand@gmail.com

## मलेसियामा रोजगारको अवसर | कम्पनी: MT SECURITY SERVICES SDN BHD शहर: Malaysia, Sungai Besi

पूर्व स्वीकृत मितिः २०८०/०९/२३ चलानी नं.: ६०२१२७९२ LT. No.: 297804 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 1 | 0 | स. काममा दक्ष | 1500 | ४१,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: MT SECURITY SERVICES SDN BHD शहर: Malaysia, Sungai Besi
पूर्व स्वीकृत मितिः २०८०/०६/२१ चलानी नं.: ६०२०८८८४ LT. No.: 293708 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 2 | 0 | स. काममा दक्ष | 1500 | ४१,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौं २०८१ बैशाख १२ गते (24 April 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Confident International Manpower Pvt. Ltd.**
Govt. Lic. No. 1423/074/075
Address: Sinamangal- 09, Kathmandu | Tel: 01-5918957 | 5918958
E-mail: info@confidentmanpower.com, Web.: www.confidentmanpower.com

## मलेसियामा रोजगारको अवसर | कम्पनी: PANGKOR FISH HEAD CURRY SDN BHD शहर: Malaysia

पूर्व स्वीकृत मितिः २०८१/०१/०३ चलानी नं.: ६०२१८३३१ LT. No.:303501

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Crew | 5 | 0 | स. काममा दक्ष | 1500 | ४१,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: PANGKOR FISH HEAD CURRY SDN BHD शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०८०/०१/०७ चलानी नं.: ६०२००५२१ LT. No.:285139 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Crew | 1 | 0 | स. काममा दक्ष | 1500 | ४१,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ वैशाख १२ गते (24 April 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**NIWIDA CONCERN PVT. LTD.**
Govt. Lic. No.: 711/064/065
Sinmangal-9, Kathmandu, Tel : 4470711, 4470811
E-mail: info@niwidaconcern.com,Web.: www.niwidaconcern.com

## कतार मलेसिया र साउदीमा रोजगार | कम्पनी : SAPPHIRE PLAZA HOTEL शहर: DOHA

पूर्व स्वीकृत मितिः २०८०/१२/०१ चलानी नं.: ६०२१६६१३ LT. No.:301666 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour Services | 5 | 0 | स. काममा दक्ष | 1000 | ३६५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : TAFADHDAL SECURITY SDN BHD शहर: KUALA LUMPUR
पूर्व स्वीकृत मितिः २०८०/०७/१० चलानी नं.: ६०२०९४७९ LT. No.: 294356 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 6 | 0 | स. काममा दक्ष | 1500 | ४१,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: AMAN DEVELOPMENT LIMITED COMPANY शहर: AL HASA
पूर्व स्वीकृत मितिः २०८०/०८/२१ चलानी नं.: ६०२११४६ L.T. No.: 296094 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker to clean kitchen appliances | 2 | 0 | स. काममा दक्ष | 1200 | ४२,६२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ वैशाख १२ गते (24 April 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.**
श्रम इजाजत पत्र नं. ७३/०६४/०६५
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ०१-४५६५३९४, ९८३३३२३५७७
९८१८०४७४४३, ९८५१०२३५९४, ९८५११२७०६३, ९८५११८६१२५, ९८५१०१२१०२
E-mail: threebrothershrrec@gmail.com

## साउदीमा रोजगारको अवसर | कम्पनी: TALAL ONE TRADING COMPANY शहर: RIYADH

पूर्व स्वीकृत मितिः२०८०/१२/२१ चलानी नं.: ६०२१७८७३ LT. No.:303055 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३५,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ वैशाख १२ गते (24 April 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**C.D. Human Resources Pvt. Ltd.**
Gov. Lic. No. 1048/073/74
Kalimati Dol (Near Airport), Kathmandu, Tel.: 01-4486262 | Fax: 4486263,
| Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Mobile :9808793080/ 9851035409/ 9823772238/ 9818272436/9855012503.

## साउदीमा रोजगार | कम्पनी: SALEH NASSER AL-AYUNI FACTORY FOR INDUSTRY शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०८१/०१/०३ चलानी नं.: ६०२१८३३४ L.T. No.:303513

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ वैशाख १२ गते (24 April 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**FAZAL INTERNATIONAL PVT. LTD.**
Gov. Lic. No 709/064/065
Sinamangal, Kathmandu Tel: 4581208, 4581209, Fax: 4581210

## मलेसियामा रोजगारको अवसर | कम्पनी:AL HAJIALI BISTRO SDN BHD शहर: Puchong

पूर्व स्वीकृत मितिः २०८०/०३/१८ चलानी नं.: ६०२०४२१६ LT. No.: 288898 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Crew Restaurant | 4 | 0 | स. काममा दक्ष | 1500 | ४१,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ वैशाख १२ गते (24 April 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

